म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २३४ शुक्रबार, २७ चैत २०८२ ने. सं. ११४६ चौलागा 10 April 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## त्रिभुवन माविद्वारा टोल परिचालन कमिटी

हेटौंडा, २६ चैत/हेटौंडा-११ स्थित त्रिभुवन माविबाट टोल परिचालन कमिटी गठन भएको छ । नवलपुरस्थित माविले गोल्फिनटारमा अभिभावक भेला गरी परिचालन कमिटी गठन गरेको हो ।

कमिटीमा पूर्णकुमारी बस्नेत अध्यक्ष चयन भएकी छन् भने उपाध्यक्षमा कल्पना सापकोटालाई चयन गरिएको छ । सदस्यमा बबिता बानियाँ, सीता बानियाँ, विशाल तामाङ, बुद्धिमान पाखिन, कुमारी खत्री, बाटुली थापा, ममता पटेल, भुवादेवी सापकोटा चयन भएका छन् भने सल्लाहकारमा रामेश्वर पोखरेल, देवीमाया पोखरेल छन् । कमिटी गठनमा विद्यालयका प्रअ रामकुमार बर्तौला, सहायक प्रअद्वय शर्मिला ढकाल र बैकुण्ठ नेपाल, विद्यालय व्यवस्थापन समिति सदस्य गोबिन्दप्रसाद न्यौपाने लगायतको उपस्थिति थियो ।

### बागमतीमा अशक्त उमेर समूहका १ अर्ब ८० करोड रकम डुबेको छ: मन्त्री पौडेल

# 'सहकारी समस्या समाधानमा तीन तहबीच समन्वय आवश्यक'

साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/ सहकारीको समस्या जटिल रहेको भन्दै प्रदेशका मन्त्रीहरुले समाधानका लागि तीनै तहको समन्वय जरुरी रहेको बताएका छन् ।




बिहीवार संघ, प्रदेश तथा स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ अनुसार सहकारीतर्फको विषयगत समितिको पाँचौं बैठकमा सहकारीक्षेत्रका समस्या समाधान, वचतकर्ताको रकमफिर्ता तथा तीनै तहका सरकारबीच समन्वयका विषयमा छलफल भएको छ । बैठकमा बागमती प्रदेशकी सहकारी मन्त्री विनु रायमाझी पौडेलले प्रदेशमा ८० वर्षभन्दा माथिका नागरिकको करिव १ अर्ब ८० करोड रुपैयाँ वचत सहकारीमा अड्किएको बताइन् । धेरै वचतकर्ता बिरामी वा अशक्त रहेको भन्दै उनीहरुको डुबेको रकम कसरी फिर्ता गर्ने भन्ने विषय चुनौतीपूर्ण बनेको उनले उल्लेख गरिन् । ऋण लिएर फिर्ता नगरेका कारण समस्या समाधानमा कठिनाइ भएको र रकम असुल गर्न पर्याप्त कानूनी व्यवस्था तथा प्रदेश सरकारसँग प्रहरी संयन्त्रसमेत नभएको उनले बताइन् ।

मन्त्री पौडेलले भनिन्, 'वागमती प्रदेशभित्र सबैभन्दा ठूलो समस्या ८० वर्षमाथिका नागरिकको वचत १ अर्ब ८० करोड छ । उहाँहरु बिरामी हुनुहुन्छ, अशक्त हुनुहुन्छ । उहाँहरुको डुबेको रकम कसरी फिर्ता गर्ने भन्नेबारे हामी लागिरहेका छौँ । ऋण लगेकाहरुले फिर्ता नगरेका कारण समस्याको समाधान निस्केको छैन । असुलउपर गर्न कानून छैन । प्रदेश सरकारमा पुलिस पनि छैन ।' मधेश प्रदेशका सहकारी मन्त्री श्यामप्रसाद पट्टेलले सहकारीसम्बन्धी नीति तथा कार्यविधि बनाउँदा तीनै तहका सरकारबीच एकरुपता कायम गर्न संघीय सरकारले सहयोग गर्नुपर्ने बताए । उनले संघीय सरकारले सहकारी सम्बन्धी कानुन बनाउँदा वा संशोधन गर्दा प्रदेश सरकारको राय लिनुपर्नेमा जोड दिए ।

प्रदेशमा सहकारीका फाइलमात्र पठाइएको तर, आवश्यक जनशक्ति नपठाइएकाले कार्यसम्पादनमा समस्या भएको उनको भनाइ थियो । 'नीति तथा कार्यविधि बनाउँदा तीनै तहका सरकारमा एकरुपता कायम गर्न संघीय सरकारले सहयोग गर्नुपर्छ । संघीय सरकारले सहकारी सम्बन्धि कानून बनाउँदा संशोधन गर्दा प्रदेश सरकारको राय लिनुपर्छ । प्रदेशलाई सहकारीका फाइल मात्रै पठाइयो, जनशक्ति पठाइएन, क्षमता भएन । जसकारण प्रदेशमा सहकारीको जनशक्तिको अभाव छ' उनले भने ।

कोशी प्रदेशका उद्योग, कृषि तथा सहकारी मन्त्री इस्राईल मन्सुरीले साना वचतकर्ताको रकमफिर्ता गर्ने प्रक्रिया सुरु गर्न लागिएको जानकारी दिए । उनका अनुसार १ लाख रुपैयाँसम्मका साना वचतकर्तालाई वचतफिर्ता गर्ने प्रयास भइरहेको छ । संघीय सरकारले अनुदान सहयोग गरेमा रकम बढाएर दिन सकिने तयारी रहेको उनले बताए । संघीय सहयोग नभए पनि कोशी प्रदेश सरकारले समस्याग्रस्त सहकारीको वचत वर्गीकरण गरी रकमफिर्ताको सुरुवात गर्न लागेको उनले जानकारी दिए । आउँदो सोमवारबाट रकमफिर्ता प्रक्रिया सुरुहुने र पहिलोचरणमा २० हजार रुपैयाँसम्म वचत भएका ३९३ जना वचतकर्तालाई एकमुष्ट रकम दिइने उनले बताए ।

दोस्रोचरणमा १ लाख रुपैयाँसम्मका वचतकर्तालाई २० हजार रुपैयाँका दरले रकमफिर्ता गर्ने योजना रहेको छ । मन्त्री मन्सुरीले भने, 'हामी सक्षम र सबल छौं गर्न पनि सक्छौं । १ लाखसम्मका साना ऋणीलाई वचत दिने कोशिस भइरहेको छ । सरकारले अनुदान सहयोग गरे हामीले बढाएर दिने तयारी पनि गरेका छौं । तर, संघबाट अनुदान नदिए पनि कोशी प्रदेशबाट समस्याग्रस्त सहकारीको बचत वर्गिकरण गरेर दिन सुरुआत गरिनेछ । आउँदो सोमबारबाट फिर्ता गर्न थाल्नेछौँ । पहिलोचरणमा २० हजारसम्मको बचतकर्तालाई एकमुष्ट ३९३ जनालाई दिर्दैछौँ । दोस्रो चरणमा १ लाखसम्मको बचतकर्तालाई २० हजारको दरले दिदैछौँ ।'

अन्य प्रदेश मन्त्रीहरुले समेत सहकारीमा देखिएको समस्या हल गर्न तीनै तहका सरकारबीच समन्वयको खाँचो रहेको बताए । बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव मदन भुजेलले सहकारीपीडितको वचतफिर्ता गर्न संघ, प्रदेश र स्थानीय तहले आआफ्नो स्तरबाट कोष स्थापना गर्नुपर्ने बताए । सचिव भुजेलले सहकारीमा देखिएको समस्या डरलाग्दो भएको र यो संघले मात्रै हल गर्न नसक्ने बताए । उनका अनुसार केन्द्रमा कोष स्थापना गरेर साना सहकारी वचताकर्ताको सहकारीको रकम फिर्ता गर्न थालिएको छ ।

'यही मोडालिटी मै प्रदेश र स्थानीय तहले पनि काम अघि बढाउनुपर्छ' सचिव भुजेलले 'प्रदेश तथा स्थानीय तहले आफ्नो बजेटबाट यस्तो कोष बनाउनुपर्ने' बताए । अर्को वर्षको बजेटमा संघीय सरकारले पनि त्यस्तो कोषमा धेरै पैसा राख्ने तयारी गरेको उनले जानकारी दिए । त्यसका लागि अर्थ मन्त्रालयमा प्रस्ताव गरिँदैछ । यो वर्ष पनि त्यस्तो कोषमा राखिएको पैसा सरकारले वितरण गर्न लागेको उनको भनाइ छ । बैठकमा सहकारीक्षेत्रका समस्या समाधान, वचतकर्ताको रकमफिर्ता र तीनै तहको सरकारबीच समन्वयका विषयमा छलफल भएको थियो ।

# मकवानपुरमा बैशाख २ गतेदेखि घरमै राहदानी पुऱ्याउने सेवा सुरु



साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/ मकवानपुरमा अब राहदानी अर्थात् (पासपोर्ट) घरमै पुग्ने भएको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरले हुलाक सेवामार्फत सेवाग्राहीको घर मै राहदानी पुऱ्याउने व्यवस्था सुरु गर्न लागेको हो ।

आगामी बैशाख २ गतेदेखि यो सेवा औपचारिकरुपमा सञ्चालनमा आउनेछ । यो सेवाले राहदानी तयार भएपछि कार्यालय धाउनुपर्ने अवस्था हटाउने अपेक्षा गरिएको छ ।

सेवा प्रभावकारी बनाउन जिल्ला प्रशासन कार्यालयले हुलाक कार्यालयसँग समन्वय गरेर काम अघि बढाएको जनाएको छ । नेपाल सरकारले अघि सारेको सय बुँदे शासकीय सुधार कार्यक्रमअन्तर्गत घरमै सेवा पुऱ्याउने नीतिअनुसार पहिलोचरणमा राहदानी वितरण सुरु गर्न लागिएको हो ।

प्रारम्भमा हेटौंडा उपमहानगरपालिका क्षेत्रमा हुलाकमार्फत सेवा उपलब्ध गराइने मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले जानकारी दिए । हालसम्म लिन नआएका करिब ५ सय राहदानी पहिलोचरणमा हुलाकमार्फत् वितरण गरिने तयारी गरिएको छ ।

आगामी दिनमा नागरिकता, राष्ट्रिय परिचयपत्र र सवारीचालक अनुमतिपत्र (लाइसेन्स) समेत घरमै उपलब्ध गराउने योजना रहेको प्रशासनले जनाएको छ । हाल स्रोतसाधनको कमी तथा सुरक्षा संवेदनशीलताका कारण जिल्लाका अन्य पालिकामा सेवा बिस्तार गर्न नसकिएपनि उपमहानगर क्षेत्रमा भने सहजरुपमा सेवा सञ्चालन गर्न सकिने जिल्ला हुलाक कार्यालयले जनाएको छ ।

उपमहानगर नजिकका वडामा सोहीदिन राहदानी पुऱ्याइनेछ भने टाढाका स्थानमा अधिकतम भोलिपल्ट बेलुकासम्म वितरण गरिने जिल्ला हुलाक कार्यालयका प्रमुख रमेश लामिछानेले बताएका छन् ।

आवश्यक स्रोत, साधन, जनशक्ति व्यवस्थापन भएपछि अन्य पालिकास्तरमा पनि सेवाप्रवाह गरिने योजना रहेको छ । नेपाल सरकारले चैत १३ गते घोषणा गरेको सय बुँदे शासकीय सुधार कार्यक्रम अन्तर्गत सय दिनभित्र कार्यान्वयन गर्ने लक्ष्यअनुसार बुँदा नम्बर २७ मा उल्लेखित कार्यान्वयनमा ल्याउन लागिएको हो ।




# हेटौंडा अस्पतालमा ४ वटा शल्यक्रिया कक्ष निर्माण



साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/हेटौंडा अस्पतालमा एकैपटक ४ वटा शल्यक्रिया कक्ष (अपरेशन थिएटर) निर्माण भइरहेको छ । यसअघि अस्पतालमा २ वटा मात्र अपरेशन थिएटर सञ्चालनमा रहेकोमा दुइवटा मोडुलर थिएटरसहित ४ वटा थिएटर निर्माण भई सञ्चालन हुन लागेका हुन् ।

हाल एकपटकमा दुइजनाको शल्यक्रिया गर्न सकिने अवस्था रहेकोमा यि थिएटर सञ्चालनमा आएपछि एकै पटकमा ४ जनाको ठूला शल्यक्रिया गर्न सकिने हेटौंडा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रामचन्द्र सापकोटाले जानकारी दिएका छन् । अस्पतालले हालसम्म शल्यक्रियाकक्षको आधारभूत निर्माण गरिसकेको छ भने शल्यक्रिया प्रक्रियाका लागि आवश्यक बत्ती, टेबल, बेड लगायत उपकरणहरु भने जडान गर्न बाँकी रहेको डा. सापकोटाले स्पष्ट पारे । अबको ३ हप्तामा सामग्रीहरु जडान भई सञ्चालनमा आउने अपेक्षा अस्पताल प्रशासनको छ ।

हाल निर्माणाधीन रहेको २ वटा मोड्युलर कक्षमा शल्यक्रिया गर्दा इन्फेक्सनको डर रहँदैन भने यस शल्यक्रिया कक्षको सजावट तथा बनावट मोड्युलर किसिमले गरेको हुँदा अन्य भन्दा फरक देखिन्छ । यसको अत्याधुनिक सुबिधासहित पूर्णरुपमा निर्माण गर्न ३ करोडसम्म लाग्ने अनुमान गरिएको र हाल पुरानो शल्यक्रिया कक्षबाट नै सामग्रीहरु स्थान्तरण गरी जडान गर्दै अघि बढ्ने र वार्षिकरुपमा थप सुविधासहित शल्यक्रिया कक्षाको विकास गर्दैजाने डा. सापकोटाले बताए ।

# हुप्राचौरलाई प्रदेशको खुल्ला नमूना चौर बनाउने



साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/हेटौंडा उपमहानगरपालिका ४ नं. वडामा रहेको लोकतान्त्रिकचौर (हुप्रा) लाई सुविधा सम्पन्न र आकर्षक चौरको रुपमा विकास गरिने भएको छ ।

करिव ३ करोडको बजेट व्यवस्थापन गरी चौरलाई बागमती प्रदेशकै खुल्ला नमूना चौरको रुपमा विकास गर्न खोजिएको हेटौंडा नगरप्रमुख मीनाकुमारी लामाले बताइन् । उनले हेटौंडा नगरलाई महिलामैत्री सहर निर्माण परियोजना अन्तरगत चौरको मास्टर प्लान बनाउने कार्य अन्तिमचरणमा पुगेको र मास्टर प्लान बनेसँगै निर्माण कार्यको लागि बोलपत्र आव्हान गरिने बताइन् । महिलामैत्री सहर निर्माण परियोजना र अन्य श्रोतबाट बजेटको व्यवस्थापन गरिने उनले बताइन् ।

हेटौंडा-४ का वडाअध्यक्ष नवीन सिग्देलले चौरलाई फुटबल, भलिवल र क्रिकेट खेलमैदानलाई थप व्यवस्थित बनाइने, खुल्ला जीम मर्मत र थपगर्ने, बालबालिका खेल्ने, जेष्ठनागरिकको लागि विशेषस्थलको व्यवस्था गर्ने, विभिन्न स्थान बस्ने र आराम गर्ने स्थान बनाइने, गेट र मञ्च थप सुविधाजनक र आकर्षक बनाइने बताए । उनले यसअघि सार्वजनिक शौचालय, हिँड्ने ट्र्याक, भलिवल कोर्ट निर्माण गरिएको र क्रिकेट केज बनाउने कार्य जारी रहेको बताए ।

वडा कार्यालयको व्यवस्थापनमा मर्मत र नियमित सरसफाई गरिदै आएको चौरमा हाल ४ वटा हाईमार्क्स जडान गरी रातमा पनि चौरक्षेत्र उज्ज्यालो बनाउने व्यवस्था गरिएको छ । चौरलाई महिला, बालबालिका, अपाङ्ग र खेलमैत्री बनाउन विशेष ध्यान दिइएको वडाअध्यक्ष सिग्देलको जानकारी दिए ।

साझाकुरा

## हाम्रो कुरा

# हेटौंडा कपडा उद्योग सञ्चालन ?

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद प्रशान्त उप्रेतीले हेटौंडा कपडा उद्योग सञ्चालन गर्न माग गरेका छन् । प्रतिनिधिसभा बैठकमा उनले केही समय अगाडि गृहमन्त्रीले नेपाल प्रहरीको कपडा नेपालमै सिलाउने भनेर घोषणा गरेको स्मरण गरे । त्यो कार्य पूरा गर्नको लागि हेटौंडा कपडा उद्योग सरकारको बाटो कुरेर बसिराखेको छ, कपडा उद्योग सञ्चालनका लागि सरकारले कदम अगाडि बढाओस् भन्ने माग गरेका छन् । बन्द रहेका उद्योगको पुन:सञ्चालन नेपालको आर्थिक पुनरुत्थानसँग गाँसिएको अत्यन्त महत्वपूर्ण विषय हो । प्रतिनिधिसभा बैठकमा बन्द उद्योगको सञ्चालन सुरुगर्ने कार्य हेटौंडा कपडा उद्योगबाट थालनी गरिनुपर्ने विषय उठाइनु सकारात्मक र आशावादी संकेत हो । विगतका अनुभव, वर्तमान आर्थिक चुनौती र भविष्यका सम्भावनालाई हेर्दा यस्तो प्रस्ताव केवल एउटा उद्योगको पुनर्जीवन मात्र होइन, समग्र औद्योगिक क्षेत्रको पुनर्स्थापनाको आधार बन्न सक्छ । तर, मौजुदा मेशिनरीबाट हेटौंडा कपडा उद्योग संचालन गर्नु भनेको फेरि राज्यको ढुकुटी डुवाउनु पनि हो । हिजोआजको अत्याधुनिक प्रबिधिका कारण हेटौंडा कपडा उद्योगसँग भएका मौजुदा मेशिनबाट भएको उत्पादनले बजारमा प्रतिष्पर्धा गर्न लायक नहुन सक्छ । हेटौंडा कपडा उद्योग कुनै समय राष्ट्रिय गौरवको प्रतीक थियो ।

यसले स्वदेशी उत्पादनलाई प्रोत्साहन मात्र गरेन, हजारौं श्रमिकलाई रोजगारी प्रदान गऱ्यो र आयात प्रतिस्थापनमा महत्वपूर्ण भूमिका खेलेको थियो । तर, राजनीतिक हस्तक्षेप, व्यवस्थापकीय कमजोरी, प्रविधिको आधुनिकीकरण नहुनु र दीर्घकालीन औद्योगिक नीतिको अभावका कारण यो उद्योग बन्द हुन पुग्यो । आज देश बेरोजगारी, आयात निर्भरता र व्यापार घाटाको चपेटामा परिरहेको अवस्थामा यस्ता उद्योगको पुन:सञ्चालन अपरिहार्य छ । प्रतिनिधिसभामा उठाइएको यो विषयले सरकारलाई गम्भीर आत्ममूल्यांकन गर्न बाध्य पार्नुपर्छ । बन्द उद्योगलाई निजीकरण वा पूर्णरुपमा खारेज गर्ने सोचभन्दा माथि उठेर पुनर्संरचना, सार्वजनिक-निजी साझेदारी, व्यावसायिक व्यवस्थापन र पारदर्शितामार्फत् सञ्चालन गर्न सकिने सम्भावना खोजिनु जरुरी छ । हेटौंडा कपडा उद्योग यसका लागि उपयुक्त परीक्षणस्थल हुनसक्छ, किनकि यसको पूर्वाधार, बजार सम्भावना र ऐतिहासिक पृष्ठभूमि अझै पनि उपयोगी अवस्थामा छन् । तर, केवल भावनात्मक नाराका भरमा उद्योग पुन:सञ्चालन गर्नु दीर्घकालीन समाधान भने कदापी होइन । यसको लागि स्पष्ट कार्ययोजना, यथार्थपरक लगानी मोडेल, दक्षजनशक्ति, आधुनिक प्रविधि र बजारसँग प्रतिस्पर्धा गर्नसक्ने उत्पादन रणनीति अनिवार्य छ । विगतमा भएका कमीकमजोरी दोहोरिन नदिन राजनीतिक हस्तक्षेपबाट उद्योगलाई जोगाउने कानुनी र संस्थागत व्यवस्था पनि त्यत्तिकै जरुरी छ । यो पहलको अर्को महत्वपूर्ण पक्ष सामाजिक र क्षेत्रीय विकाससँग जोडिएको छ । हेटौंडा र आसपासका क्षेत्रमा उद्योग सञ्चालन हुँदा रोजगारी सिर्जना, स्थानीय कच्चापदार्थको उपयोग र सहायक व्यवसायको विकास हुने निश्चित छ । यसले आन्तरिक बसाइँसराइ कम गर्न र समावेशी आर्थिकवृद्धिमा योगदान पुऱ्याउन सक्छ । प्रतिनिधिसभामा उठाइएको यो विषय बहसमा सीमित नहोस् भन्ने जनअपेक्षा पनि छ । सरकारले यसलाई ठोस निर्णय र कार्यान्वयनमा रुपान्तरण गर्न सक्नुपर्छ । हेटौंडा कपडा उद्योग सफलतापूर्वक पुन:सञ्चालन हुन सकेमा, यो अन्य बन्द उद्योगका लागि उदाहरण बन्नेछ । औद्योगिक पुनर्जागरणको सुरुवात यहीँबाट होस् भन्ने अपेक्षा आज सम्पूर्ण राष्ट्रले गरिरहेको छ । सरकारको पूर्ण स्वामित्वमा रहेको हेटौडा कपडा उद्योग २०५७ सालदेखि बन्द छ । बन्द हेटौडा कपडा उद्योग १ सय ८८ रोपनीमा फैलिएको छ ।

२०६५ सालमा बाबुराम भट्टराई अर्थमन्त्री हुँदा हेटौंडा कपडा उद्योग पुन: सञ्चालन गर्ने निर्णय भएको थियो । त्यसबाट उत्पादित कपडा नेपाली सेना, नेपाल प्रहरी र निजामती कर्मचारीको पोशाकमा प्रयोग गर्ने भन्दै उद्योग सञ्चालनका लागि नौ करोड छुट्याइएको थियो । बजेट खर्च भए पनि उद्योग चलेन । २०६६ साल कात्तिकमा हेटौंडा कपडा उद्योगलाई दोस्रोपटक लिक्विडेशनमा लैजाने निर्णय निर्णय भएको थियो । दमनबहादुर विष्टलाई लिक्विडेटरमा नियुक्त गरिएको थियो । कार्यालय स्थापना गरेर काम सुरु गरिएको भएपनि पूर्णता पाउन सकेन । २०६९ माघ १२ गतेको मन्त्रिपरिषद् बैठकले उद्योगको सम्पत्ति शेयर लगानीका रुपमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडमा गाभ्ने निर्णय गऱ्यो । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई लिलामीको अधिकार प्रदान गरेको थियो । मशिनरी आठ करोड १४ लाख २७ हजार ६५० रुपैयाँ र भवन तथा भौतिक पूर्वाधारको आठ करोड १२ लाख २५ हजार रुपैयाँ मूल्यांकन भएको थियो । त्यसपछि प्रक्रिया अघि बढ्न सकेन । २०७० मा पुष्पकमल दाहाल नेतृत्वको सरकारले उद्योग सञ्चालन गर्न आठ करोड रुपैयाँ छुट्यायो । ६ करोड रुपैयाँ खर्चेर मशिन मर्मत गरी उत्पादनको परीक्षण पनि गरियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९१४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ चैत २८ गते शनिबार ११ अप्रिल २०२६ । नवमी, बैशाख कृष्णपक्ष । चौलागा ११४६ ने.सं. । सूर्योदय ५:४६ सूर्यास्त ६:२६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शुभ नतिजा आउनेछ | **तुला** | : घरेलु समस्याले सताउनेछ |
| **वृष** | : दिन रमाइलो हुनेछ | **वृश्चिक** | : आफन्तले धोका दिन सक्नेछन् |
| **मिथुन** | : मन खिन्न हुनेछ | **धनु** | : मनमा उमङ्ग बढ्नेछ |
| **कर्कट** | : शरीरमा स्फुर्ती बढ्नेछ | **मकर** | : रमाइलो छोटो यात्रा हुनेछ |
| **सिंह** | : घरायसी मेलमिलाप हुनेछ | **कुम्भ** | : काम गर्ने आत्मबल बढ्नेछ |
| **कन्या** | : पढाइलेखाइमा सफलता मिल्नेछ | **मीन** | : अरुको विश्वास जित्न सकिनेछ |

# अल्मलिएका कम्युनिस्ट अब हिंड्नुपर्ने बाटो



✍ अरूण बराल

जब कुनै मान्छे कता जाने र के गर्ने भन्नेमै अल्मलिन्छ, त्यहींनेरबाट शून्यता शुरु हुन्छ । नेपालका कम्युनिस्ट पार्टीहरू फागुन २१ को निर्वाचनपछि शून्यवादमा फसेका छन् । अब कहाँ जाने ? के गर्ने ? कम्युनिस्ट नेताहरूमा स्पष्टता छैन । अलमल छ । शून्यता छ । उनीहरूका अगाडि कहालीलाग्दो 'ब्ल्याकहोल' छ । केपी शर्मा ओली नेतृत्वको नेकपा एमाले आफ्ना अध्यक्षको रिहाइका लागि आन्दोलन गर्ने भनिरहेको छ । तर, अदालतले म्याद थप गरेपछि यो विषय 'सब-जुडिस' बनिसकेको छ । अदालतले टुङ्गो लगाउनुपर्ने विषयमा आन्दोलन गर्दा त्यसको नैतिक धरातल कमजोर हुन्छ भन्ने तथ्य विगतमा रवि लामिछानेको गिरफ्तारीकै बेला स्पष्ट भइसकेको हो । त्यसबेला रास्वपाले अदालत विरुद्ध आन्दोलन गर्न खोजेको थियो तर पछि हट्यो ।

ओलीको गिरफ्तारीको विरोध गर्नु 'प्रतिक्रियात्मक राजनीति' हो । आफ्ना अध्यक्षलाई समाउँदा उनको पक्षमा आवाज उठाउनु स्वाभाविकै पनि होला । तर, अब एमाले नेताहरूले फागुन २१ पछिको नयाँ परिस्थितिमा आफैंले गर्ने काम र कार्ययोजना चाहिं के हो ? एमालेको आगामी कार्यक्रम के हो ? कम्तीमा आगामी पाँच वर्षसम्म एमाले के गर्छ ? उसले आफ्ना कार्यकर्तालाई के 'बिजनेस' दिन्छ ? योचाहिं एमालेको अस्तित्व रक्षाका लागि महत्त्वपूर्ण र अहम् प्रश्न हो ।

प्रचण्डले नेतृत्व गरेको नेकपा पनि अहिले थिलथिलो अवस्थामा छ । माधवकुमार नेपालहरूसँगको पार्टी एकतापछि 'माओवादी' भन्ने नाम हटेको छ । फागुन २१ को चुनावमा खराब नतिजा आएपछि यो पार्टीमा माथिदेखि तलसम्म निराशाको बादल मडारिएको छ । पार्टी कार्यकर्ताहरू निराश मात्र होइन, बेरोजगार पनि छन् । नेताहरू किंकर्तव्यविमूढ छन् । सीपी गजुरेल, जनार्दन शर्मा, राम कार्की आदिको 'विद्रोह'ले प्रचण्डको धर्नासो छिनेको अवस्था छ । ठूला भनिएका ओली र प्रचण्डकै पार्टीको त यस्तो हविगत छ भने अरू सानातिना कम्युनिस्टहरूको संकटको के कुरा गर्ने । मोहन वैद्यको क्रान्तिकारी पार्टी, चित्रबहादुर केसीको जनमोर्चा, बाबुराम भट्टराई र जनार्दन शर्माहरूको प्रलोपा, नारायणमान बिजुक्छेको नेमकिपा, नेत्रविक्रम चन्द (विप्लव) को सानो नेकपादेखि लिएर अनेकन् चोइटामा विभक्त वाम समूहहरू आ-आफ्नै दु:खमा छन् ।

### आपसमा कहिल्यै नमिल्ने जात

सभ्य व्यक्ति तिनलाई मानिन्छ, जसको विचार फरक भए तापनि व्यक्तिगत सम्बन्ध चाहिं सुमधुर रहन्छ । तर, नेपालका कम्युनिस्टहरूमा ठिक उल्टो नियम लागू हुन्छ । कम्युनिस्ट नेताहरूको विचार एउटै छ तर आपसमा मिल्नै सक्दैनन् । मिले भने पनि एकअर्काविरुद्ध षड्यन्त्र गर्न थालिहाल्छन् । कम्युनिस्टहरूमा आपसमा कहिल्यै नमिल्ने 'जातिप्रथा' छ । एउटाले अर्कोलाई दक्षिणपन्थी, संशोधनवादी, उग्रपन्थी, मध्यपन्थी, भारतपरस्त, जडसूत्रवादी, कठमुल्लावादी, लिनप्याओवादी आदि-इत्यादि विभिन्न जातका आरोप लगाउने पुरानै रोग छ । फरक विचारको बहानामा अलग्गै चुलो बसाएर 'स्वयंपाक्य' बन्नु कम्युनिस्टहरूको खानदानी प्रथा-परम्परा हो ।

सीपी मैनालीको बेग्लै चुलो छ । ऋषि कट्टेलको अर्कै चुलो छ । मोहनविक्रम र मोहन वैद्यका बेग्लाबेग्लै चुलो-चौको छन् । विप्लवसँग छुटेर धर्मेन्द्र बास्तोलाले 'नेकपा बहुमत' नामको अर्कै चुलो ठड्याएका छन् । घनश्याम भुसाल, राम कार्की र जनार्दन शर्माहरूको पनि एकै ठाउँमा भात-भान्सा चल्दैन । सुदन किराती अर्कै चुलोमा भात पकाउने तयारीमा छन् । आहुतिले अलग्गै चुलो बसाएका छन् । बाबुराम भट्टराईको आफ्नै चुलो छ तथापि उनलाई आफ्नो चुलोमा भन्दा पनि 'पपुलिस्टहरू'को चुलोमा पाकेको खाना मन पर्न थालेको छ, उतैतिर नमस्कार गर्दै हिंडिरहेका छन् । एमालेभित्र ओली र विद्यादेवी भण्डारी समूह बीच पानी बाराबार बढ्दै गएको छ । प्रचण्ड र ओली बीचमा त झन् छुवाछूतकै स्थिति छ । माधवकुमार नेपालको नाम लिंदा ओलीलाई कुल्ला गर्न मन लाग्छ । झलनाथ खनालको पनि लाइन अर्कै छ ।

कथित 'वैचारिक मतभेद'को रातो जामा लगाएर डफली बजाइरहेका यी कम्युनिस्ट पार्टीका नेताहरू न आपसमा मिल्न सक्छन्, न त एक्लै अगाडि बढ्न । यिनीहरूको अवस्था गुणरत्नमालाको श्लोक जस्तै बनेको छ- आधा देह छ सर्पले निलिएको त्यो भ्यागुतो तैपनि, झिंगा निल्दछ सासले खिची-खिची आनन्द भोगौं भनि । आखिर, कम्युनिस्टको लाल जामा लगाएका नेपालका यी नेताहरूले किन एकै ठाउँमा बसेर जनताको सेवा गर्न नसकेका होलान् ? सबैभन्दा पहिले हल गर्नुपर्ने मनोवैज्ञानिक प्रश्न नै यही हो । तर, हल गर्न सकिने प्रश्न होइन । अर्थात्, नेपालका कम्युनिस्ट नेताहरूको भवितव्य नै यही हो- आपसमा मिल्दै नमिल्ने । विचार र व्यवहारमा फरक नदेखिए पनि व्यक्तिगत सम्बन्ध अत्यन्तै खराब रहने । एकापसमा छि:छि:, दुर्दुर गरिरहने ।

### वैचारिक शून्यता, सांस्कृतिक विचलन

एमाले, माओवादी, नेकपा वा जुनसुकै नाममा रहेका भए तापनि नेपालका सबै कम्युनिस्ट पार्टीहरूमा अहिले देखिएको साझा समस्या हो वैचारिक शून्यता । अर्थात्- अब के गर्ने भन्ने बाटोको विषयमा देखिएको गम्भीर अलमल र रिक्तता । नेकपा एमालेका नेताहरूमा अझैसम्म दम्भ यथावत् छ । पार्टीभित्रैका नेताहरू बीच वैमनस्य बढेको छ । मदन भण्डारीले अघि सारेको जबज भात खाँदा आचमनी गर्ने मन्त्र जस्तो मात्रै बनेको छ, व्यवहारमा स्टालिनपथ र सामन्ती शैली हावी छ । माओवादीका नेताहरू जनताबाट पूर्ण रूपमा कटेको अवस्थामा छन् ।

पार्टी नेताहरूको जीवनशैली भ्रष्ट एवं 'दलाल'हरूको जस्तै बनेको अवस्था छ । परिवारवाद, गुट र कृपावादले पार्टी अस्तव्यस्त छ । महिला हिंसाको बात लागेका मान्छेलाई च्याप्ने प्रवृत्ति बढेको छ । आलोचना गर्ने नेता-कार्यकर्तालाई खाँगोले झैं पानीखेदो गर्ने संस्कार शीर्ष भनिएका नेताहरूमा व्याप्त छ । बिचौलियाहरूसँगको उठबसका कारण कतिखेर जेल जानुपर्ने हो, ठेगान छैन । आफ्ना मित्रहरूलाई बिर्सने र ठूल्ठूला बिचौलियासँग सहवास गर्ने प्रवृत्तिले जरा गाडेको छ । सहकारी पीडितको पक्षमा नबोल्ने, तर ठगहरूको पक्षमा वकालत गर्ने वर्गविरोधी चरित्र उदाङ्गो बनेको छ । सारमा भन्नुपर्दा नेपालका कम्युनिस्ट नेताहरू विचारले शून्य मात्र बनेका छैनन्, व्यवहारमा पनि भ्रष्ट बन्दै गएका छन् । न विचार छ, न व्यवहार । न त अगाडि जाने ठोस कार्यक्रम नै छ । छ त केवल शून्यता मात्रै । हो, इतिहासमा यी वामपन्थी नेताहरूले देशलाई योगदान नगरेका होइनन् । तर, अब इतिहासको ब्याजले मात्रै देश अगाडि बढ्दैन । अब के गर्ने ? यसको जवाफ नखोजी इतिहासको बखान गरेर मात्र अब जनताले पत्याउनेवाला छैनन् ।

### अब के गर्ने त ?

आगामी दिनमा के गर्ने त ? अब यसबारे नेपालका वामपन्थीहरूलाई एउटा छोटो सुझाव दिऔं । एक- बालेन सरकारले २०४६ पछिका नेताहरूको सम्पत्ति जाँचबुझ गर्ने भनिरहेको छ । सुशासनका लागि बिचौलिया र भ्रष्टहरूमाथि कारबाही अगाडि बढाइरहेको छ । वामपन्थीहरूले त्यसमा सहयोग गर्नुपर्छ । रास्वपा नजिकका व्यक्तिलाई जोगाउने र चयनात्मक अभियोजन लगाउने प्रयास भयो भने त्यसमाथि खबरदारी गर्नुपर्छ । पिलो निचोरेर फाल्दा शरीरको वजन घट्दैन, त्यसैले कम्युनिस्ट नेता-कार्यकर्ताहरू नै भ्रष्ट ठहरिए भने तिनलाई बोक्नुहुँदैन, ठोक्नुपर्छ । दूधबाट झिंगा निकाले जसरी भ्रष्टहरूलाई पार्टीबाट निकाल्नुपर्छ । बहुविवाह, महिला हिंसा लगायत विवादमा मुछिएका व्यक्तिलाई बचाउनुहुँदैन । सुशासनका लागि चालिएको अभियानमा वामपन्थीले साथ दिनुपर्छ । न्यायको पक्षमा उभिनैपर्छ ।

दुई- अब नेपालका वामपन्थीले छरिएर होइन, एकताबद्ध भएर अगाडि बढ्नुपर्छ । एमाले, माओवादी लगायत साना-ठूला सबै पार्टीहरूले एउटै 'सोसलिस्ट पार्टी (सोपा)' बनाए हुन्छ । कम्युनिस्ट नाम राखिराख्न आवश्यक छैन । यसका लागि दोस्रो तहका नेताहरूले आन्तरिक तयारी गरी तीन महिनाभित्रमा 'सोसलिस्ट पार्टी'को घोषणा गर्नुपर्छ । साथमा आगामी ५ वर्षमा गर्ने कामहरूको कार्ययोजना समेत सँगै सार्वजनिक गर्नुपर्छ ।

तीन- पुरानै नेताहरू राखेर बनाइने 'सोसलिस्ट पार्टी' चल्दैन । त्यसर्थ, एउटा 'ज्येष्ठ कम्युनिस्ट काउन्सिल' वा सल्लाहकार टाइपको प्रतिष्ठान जस्तो बनाएर ओली, विद्या, प्रचण्ड, माधव, झलनाथ, मोहनविक्रम, चित्रबहादुर, सीपी, वामदेव लगायत सबै पुराना नेताहरूलाई त्यसैमा थन्क्याउनुपर्छ र सक्रिय राजनीति छाड्न लगाउनुपर्छ । त्यहाँ बस्न नमान्नेहरूलाई व्यक्तिगत जीवन बिताउन दिइनुपर्छ । र, यो काम शंकर पोखरेल, वर्षमान पुन, जनार्दन शर्मा, घनश्याम भूसाल, योगेश भट्टराई, राम कार्की आदि दोस्रो तहका नेताहरूले आपसमा मिलेर गर्नुपर्छ ।

चार- नेपालका दोस्रो पुस्ताका कम्युनिस्ट नेताहरू असान्दर्भिक भइसकेका छन् । अब केपी ओलीको विकल्प शंकर पोखरेल-योगेश भट्टराई हुने वा प्रचण्डको विकल्प वर्षमान-जनार्दन हुने स्थिति पनि टरिसकेको छ । केही वर्ष अगाडि नै गरेको भए यसको औचित्य रहन्थ्यो तर जेनजी आन्दोलन र फागुन २१ को चुनावपछि ५५-६० कटेका नेताहरूको पनि सान्दर्भिकता सकियो । अहिले नाति पुस्ताले देश चलाइरहेको छ । त्यसर्थ, अब कम्युनिस्टहरूले पनि तेस्रो पुस्तामा गएर नेताहरू खोज्नुपर्छ । बुढो पुस्तालाई प्रतिष्ठानमा थन्क्याएपछि शंकर पोखरेलहरूले नयाँ पुस्ता खोज्नका लागि जनतामाझ जानुपर्छ । अर्थात्, यो दोस्रो पुस्ताले अब पुस्तान्तरणका लागि भरिया वा पुलको काम गर्नुपर्छ र राजनीतिबाट अवकाश लिनुपर्छ ।

पाँच- नेपालका कम्युनिस्टहरूसँग नेताको भीड छ । पार्टी सङ्गठनको जालो छ । तर, कार्यक्रम छैन । जनताको बीचमा के काम गर्ने हो भन्ने कुनै इलम छैन । त्यसर्थ, 'सोसलिस्ट पार्टी' बनाइरहँदा सँगसँगै नीति कार्यक्रम र कार्ययोजना पनि बनाइनुपर्छ । जसरी बालेन सरकारले १०० बुँदे कार्ययोजना ल्याएको छ, त्यसैगरी वामपन्थीहरूले पनि अब गर्ने काम के हो ? लेखेर स्पष्ट रूपमा कार्ययोजना ल्याउनुपर्छ । गोजीमा कार्ययोजना नबोकी हिंड्न हुँदैन ।

छ- अब वामपन्थीले बनाउने कार्ययोजना गाउँकेन्द्रित हुनुपर्छ । गाउँमा बढेको सामाजिक विकृति र विसङ्गतिको अन्त्य गर्नका लागि अभियान चलाइनुपर्छ । गाउँमा यतिबेला जाँडरक्सी, जुवातास, लुडो खेल्ने विकृति बढेको छ । पुरुषहरू काम नगर्ने र महिलामाथि घरायसी कामको भार बढ्ने गरेको छ । इलम नगर्ने र अल्छी बन्ने संस्कार व्याप्त छ । कोठेबारीमा तरकारी नरोप्ने, बजारबाट चाउचाउ किनेर खाने चलन बढेको छ । यस्ता समस्या समाधानका लागि कसैले पनि सकारात्मक सामाजिक अभियान चलाएको पाइँदैन । अब यो कामको जिम्मा वामपन्थीहरूले लिनुपर्छ ।

सात- रास्वपा कम्युनिस्ट विरोधी शक्ति हो । वामपन्थी विरोधी दल हो । त्यसैले रास्वपा नेतृत्वको सरकारले धनीमानीको मात्र सेवा गर्ने, सरकारको आलोचनामा बोल्नेहरूको मुख बन्द गर्ने, शहरियाहरूलाई मात्रै ध्यान दिने, गाउँका जनतालाई बेवास्ता गर्ने, भूमिहीनहरूलाई बेवास्ता गर्ने, वास्तविक विकासको काममा भन्दा पनि 'स्टन्ट'मा जोड गर्ने जस्ता कामहरू गर्ने जोखिम छ ।

तसर्थ, वामपन्थीहरूले गाउँका मुद्दा र भुइँ तहका उत्पीडित जनताका मुद्दा दह्रोसँग बोक्नुपर्छ । वामपन्थीहरू किसान, मजदुर र सीमान्त समुदायको साथी बन्न सक्नुपर्छ । सिंहदरबार वरिपरि घुमेर, फेसबुकमा सरकारलाई गाली गरेर मात्र अब वामपन्थीहरूको कार्यभार पूरा हुँदैन । र, यो काम ओली र प्रचण्डको गोडामुनि बसेर होइन, नयाँ 'सोसलिस्ट पार्टी' बनाएर थालनी गर्न सक्ने हो भने नेपालमा वामपन्थीहरूको पुनर्जागरण सम्भव हुनेछह अन्यथा, ओली-प्रचण्डसँगै वाम आन्दोलन पनि सती जाने निश्चित छ । नेपालमा कम्युनिस्ट नेताहरू मात्रै बदनाम भएका हुन्, वामपन्थीहरूको औचित्य सकिएको होइन । जहिलेसम्म शोषण र विभेद रहन्छ, त्यहाँ वामपन्थीहरू रहन्छन् । अहिले हामीले देखिरहेका छौं, अमेरिकामा पनि ट्रम्प विरुद्ध जनताले आन्दोलन गरिरहेका छन् । अब अलिकति संसदीय मोर्चामा वामपन्थीको स्थितिबारे चर्चा गरौं । अर्थात् सैंघीय संसद्, प्रदेश सभा र स्थानीय तहको अवस्थाबारे चर्चा गरौं ।

### प्रतिनिधिसभामा वामपन्थीहरू प्रमुख प्रतिपक्षी बन्ने मौका

संसद्को शक्ति सन्तुलनको कुरा गर्दा फागुन २१ को प्रतिनिधिसभा निर्वाचनबाट रास्वपाले झन्डै दुईतिहाइ बहुमत (१८२ सिट) ल्याएर पाँच वर्षका लागि सत्तारोहण सुनिश्चित गरेको छ । नेपाली कांग्रेस ३८ सिट जितेर दोस्रो दल, अर्थात् प्रमुख प्रतिपक्ष बनेको छ । प्रतिनिधिसभामा नेकपा एमालेले २५ सिट र प्रचण्ड नेतृत्वको नेकपाले १७ सिट जितेका छन् । संसद्मा ६ वटा मात्र दल आएका छन् । श्रम संस्कृति पार्टीसँग ७ र राप्रपासँग ५ सिट छ । एउटा स्वतन्त्र सिट महावीर पुनले जितेका छन् । प्रतिनिधिसभामा एमाले र नेकपा जोड्दा कम्युनिस्टहरूको ४२ सिट छ । एमाले र नेकपा बीच पार्टी एकता भयो भने विपक्षी दलको नेता वामपन्थीहरूको हातमा आउनेछ ।

*(साभार: अनलाइनखबर)*

# मध्यशहर जावलाखेलको चिडियाखाना स्थानान्तरण अपरिहार्य

✍ जनक गोले

सामान्य भाषामा चिडियाखाना भनेको विभिन्न प्रकारका जनावर, चराचुरुङ्गी तथा अन्य जीवजन्तुहरूलाई संरक्षण, अध्ययन र अवलोकनका लागि राखिने स्थान हो । विशेष गरी घर पालुवाभन्दा पनि जङ्गली जनावरहरूको संरक्षण र प्रदर्शनी यस्ता चिडियाखानामा गरिन्छ । नेपालको ऐतिहासिक चिडियाखाना ललितपुरको जावलाखेलमा रहेको सदर चिडियाखाना हो । यसको स्थापना वि.सं. १९९६ मा तत्कालीन प्रधानमन्त्री जुद्धशमशेर राणाले आफ्नै निजी दरबार परिसरमा गरेका थिए । शुरुवातमा यो सर्वसाधारणका लागि नभई केवल परिवार, नातेदार र पाहुनाहरूका लागि मात्र खुला थियो । यस्तो निजी चिडियाखानाको अभ्यास आज पनि केही देशहरूमा पाइन्छ ।

वि.सं. २००७ मा प्रजातन्त्र स्थापना भएपछि यो चिडियाखाना सरकारको स्वामित्वमा आयो । त्यसको केही वर्षपछि यो चिडियाखाना सार्वजनिक रूपमा सञ्चालन हुन थाल्यो । हाल प्रत्येक वर्ष लाखौं मानिस पशुपक्षीहरुको अवलोकन भ्रमणका लागि यहाँ पुग्ने गर्छन् । गाउँ वा शहर सबैका लागि चिडियाखाना प्रमुख आकर्षणको केन्द्र बन्ने गरेको छ । विद्यालयहरूले पनि विद्यार्थीको शैक्षिक भ्रमणका रूपमा चिडियाखाना भ्रमणलाई प्राथमिकतामा राख्ने गरेका छन् ।

फ्रेन्डस् अफ् द जू (एफ्ओजेड्) जस्ता कार्यक्रममार्फत सयौं विद्यालयहरू संलग्न भई जीवजन्तु संरक्षण र शैक्षिक गतिविधिमा सहभागी भइरहेका छन् । बालबालिकाहरुलाई जीवजन्तु र प्रकृतिबारे बुझ्न र सिक्न सहज बनाएको छ । शहरनजिकै भएकाले यहाँ पुग्न सजिलो छ । सीमित स्रोत-साधनका बाबजुद चिडियाखानाले संरक्षण, शिक्षा र मनोरञ्जनका क्षेत्रमा उल्लेखनीय प्रयास गर्दै आएको छ । यो सकारात्मक पक्ष हो । तर जनावरसँग प्रत्यक्ष काम गर्नुपर्ने भएकाले यहाँ कार्यरत कर्मचारीहरूका लागि भने चुनौतीहरू पनि उत्तिकै छन् ।

सन् १९९५ देखि यस चिडियाखानाको व्यवस्थापन नेसनल ट्रस्ट फर् नेचर कन्जर्भेसन (एन्टीएन्सी) ले सम्हाल्दै आएको छ । यस संस्थाले विशेष गरी संरक्षण, अनुसन्धान र जनचेतना अभिवृद्धिमा ध्यान दिएको छ । चोरी सिकारबाट उद्धार गरिएका वा बरामद गरिएका जनावरहरूलाई पुनर्स्थापना गर्न पनि चिडियाखानाले महत्वपूर्ण भूमिका खेल्दै आएको छ । पछिल्ला केही वर्षपहिले विमानस्थलबाट बरामद गरिएका चिम्पान्जीहरूसमेत यहीँ हुर्काएर प्रदर्शनमा राखिएका छन् ।

आज यो चिडियाखाना नेपालकै एकमात्र केन्द्रीय चिडियाखाना हो । यहाँ विभिन्न स्तनधारी, चराचुरुङ्गी र सरिसृप प्रजातिका पशुपक्षी राखिएका छन् । यस चिडियाखानाले पशुपक्षीको संरक्षण, आगन्तुक अवलोकनकर्तालाई शिक्षा र मनोरञ्जन तीनै उद्देश्य पूरा गर्दै आएको छ । यहाँको भ्रमणले बालबालिकालाई प्रत्यक्षरूपमा जनावरबारे सिक्ने अवसर दिन्छ भने आन्तरिक पर्यटन र स्थानीय अर्थतन्त्रमा पनि सकारात्मक योगदान पुऱ्याएको छ । साथै, मानिसमा प्रकृति र जनावरप्रति माया तथा जिम्मेवारी बढाउन पनि चिडियाखानाले महत्वपूर्ण भूमिका खेलेको छ ।

तर काठमाडौं शहरको बीचभागमा अवस्थित यस चिडियाखानासँग केही चुनौतीहरू पनि जोडिएका छन् । सबैभन्दा पहिलो जोखिम जुनोटिक डिजिज (जनावरबाट मानिसमा सर्ने रोग) हो । कोभिड-१९, इबोला, बर्ड फ्लुजस्ता रोगहरू यसका उदाहरण हुन् । त्यसैले स्वास्थ्य सुरक्षामा विशेष ध्यान दिन आवश्यक छ ।

त्यस्तै ध्वनि प्रदूषण अर्को समस्या हो । जनावरहरूको आवाजले वरपरका बासिन्दाहरूलाई असहज बनाउन सक्छ । विभिन्न जनावरको मलमूत्रबाट निस्कने दुर्गन्धले वातावरण र स्वास्थ्यमा असर पार्न सक्छ । साथै, सीमित क्षेत्रका कारण झिँगा, मुसा र लामखुट्टे बढ्ने सम्भावना पनि उत्तिकै रहन्छ । सुरक्षाको दृष्टिकोणले पनि जोखिमहरू छन् । यदि कुनै जनावर नियन्त्रणबाहिर गयो भने ठूलो दुर्घटना हुन सक्छ । विगतमा एउटा मृग फुत्केर स्कुटर दुर्घटना भएको घटना उदाहरणका रूपमा लिन सकिन्छ । झनै बाघ, भालुजस्ता हिंस्रक जनावर बाहिर निस्किए भने अझ गम्भीर अवस्था आउन सक्छ । भूकम्पजस्ता प्राकृतिक विपत्तिमा यस्तो जोखिम झन् बढ्न सक्छ ।

यसै सन्दर्भमा केही वर्षअघि भक्तपुरमा नयाँ चिडियाखाना निर्माण गर्ने चर्चा आएको थियो । वर्तमान चिडियाखानाको सीमित क्षेत्र, स्वास्थ्य जोखिम, प्रदूषण र सुरक्षाका चुनौतीहरूलाई ध्यानमा राख्दा शहरभन्दा केही टाढा, व्यवस्थित र सुरक्षित स्थानमा आधुनिक चिडियाखाना निर्माण गर्नु उपयुक्त देखिन्छ ।

हालको चिडियाखाना स्पाइसेस ३६० (जेड्आईएम्एस् सिस्टम) र इन्टरनेसनल जू एजुकेटर्स एसोसिएसन जस्ता अन्तर्राष्ट्रिय स्तरका केही संस्थाहरूमा आबद्ध भए पनि वर्ल्ड एसोसिएसन अफ् जूज् एन्ड एक्वारियम्स (डब्लुएजेड्ए) वा साउथ एसियन जू एसोसिएसन फर रिजनल कोअपरेसन जस्ता संस्थाहरूको सदस्य बन्न सकेको छैन । यसका लागि अन्तर्राष्ट्रिय मापदण्डअनुसार पूर्वाधार र व्यवस्थापन आवश्यक हुन्छ ।

जीवजन्तुको अधिकारको दृष्टिकोणले पनि चिडियाखाना सुधार आवश्यक देखिन्छ । साँघुरो स्थानका कारण केही जनावरले प्राकृतिक जीवनशैलीअनुसार बस्न पाएका छैनन् । उनीहरूको स्वतन्त्रता, स्वास्थ्य, प्राकृतिक वातावरण र उचित हेरचाह सुनिश्चित गर्नु अत्यावश्यक छ । हालको चिडियाखानामा चाहेर पनि धेरै सीमितताको कारण कठिनाइ परेको देखिन्छ । उदाहरणका रूपमा, दुबईले पुरानो चिडियाखानालाई प्रतिस्थापन गर्दै आधुनिक र विशाल दुबई सफारी पार्क निर्माण गरेको छ, जसले अन्तर्राष्ट्रिय स्तरमा राम्रो उदाहरण प्रस्तुत गरेको छ ।

यसकारण, हालको चिडियाखानालाई ऐतिहासिक र शैक्षिक महत्वको 'मिनी जू' का रूपमा संरक्षण गरी ठूला तथा हिंस्रक जनावरहरूलाई चाहिँ नयाँ, फराकिलो र सुरक्षित स्थानमा स्थानान्तरण गर्दै लैजाने विकल्पमा विचार गर्नुपर्ने देखिन्छ । यसले जनावरको कल्याण, मानव सुरक्षा र अन्तर्राष्ट्रिय स्तरमा उकासिने सम्भावनालाई बलियो बनाउनेछ ।

यसका साथै, चिडियाखाना परिसरभित्र स्थानीयको पुजा गर्ने मन्दिर पनि छ । भोटोजात्रामा हजारौं मानिसको ठूलो भीडभाड र अन्य गतिविधिले जनावरहरूमा तनाव सिर्जना गर्ने तथा दुवै पक्ष मानव र जीवजन्तुलाई सुरक्षा चुनौती पनि बढाउने भएकाले यसतर्फ पनि ध्यान दिन आवश्यक छ ।

त्यसैले, नेपाल सरकार र सम्बन्धित निकायले दीर्घकालीन सोचका साथ आधुनिक, व्यवस्थित र अन्तर्राष्ट्रिय स्तरको चिडियाखाना निर्माण गर्ने दिशामा अघि बढ्नुपर्ने समय आएको देखिन्छ । यस्तो चिडियाखानाले संरक्षण, शिक्षा, अनुसन्धान र पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ । यस विषयमा बालेन्द्र साह नेतृत्वको नयाँ सरकारको ध्यान जानु जरुरी छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# बिचौलियाको कब्जामा देशभरि जग्गा पास र नापी, 'लेखापढी' नभए कामै हुन्न

काठमाडौं/सरकारले पछिल्लो समय मालपोत कार्यालयमा बिचौलियाको काम गर्ने तथा सर्वसाधारण सेवाग्राहीलाई अनावश्यक शुल्क असुली गर्ने व्यक्ति पक्राउ गर्दै आएको छ । त्यसक्रममा भूसेवा सञ्चालन केन्द्रका सञ्चालक अर्थात् मालपोत कार्यालयमा लेखापढी गर्ने व्यक्तिहरू प्रहरी नियन्त्रणमा पुगेका हुन् ।

लेखापढी गर्ने व्यवसायीले नै मालपोत र अन्य सरकारी कार्यलयमा बिचौलियाको भूमिका निर्वाह गर्दै आएको स्पष्ट छ । त्यसका लागि उनीहरूले सरकारी निकायबाट नै लाइसेन्स लिएको भन्दै सर्वसाधारणलाई अनावश्यक दु:ख दिने, अतिरिक्त शुल्क असुल्ने, कार्यालयका कर्मचारीलाई दिनुपर्ने भन्दै खर्च शुल्क उठाउने गरेको आरोप र उजुरी बढ्न थालेपछि प्रहरीले आफ्नो कामलाई तीव्रता दिँदै आएको छ ।







सहजकर्ताका नाममा कर्मचारी र सेवाग्राहीलाई प्रत्यक्ष सम्पर्क हुन नदिने र अतिरिक्त शुल्क असुलीको काम नयाँ होइन । जेनजी आन्दोलनपछि करिब दुई तिहाइको जनादेश पाएको सरकारले सार्वजनिक सेवा प्रवाह प्रभावकारी बनाउने अभियानमा बिचौलियाको काम गर्ने व्यक्तिलाई कारबाही गर्दै आएको हो ।

यही सन्दर्भमा नेपाल लेखापढी कानुन व्यवसायी एसोसिएसन पाटन इकाइले विरोध नै गरेको छ । तर, तिनै बिचौलियाका कारण मालपोत कार्यालयका सेवा लिन सिधै मालपोत कार्यालय गएर काम गर्न सम्भव छैन । घरजग्गा खरिद/बिक्री/नापजाँच लगायत काम गर्न मालपोत कार्यालय वरिपरिका लेखापढीका अफिस-कोठा धाउनुपर्छ । विनालेखापढी मालपोत कार्यलय प्रवेश गरेको खण्डमा कर्मचारीले काम नहुने भन्दै फर्काउँछन् ।

मालपोत कार्यलय सम्बन्धी काम गर्दा 'डोल्मा' भन्ने प्रणाली प्रयोगमा छ । उक्त प्रणालीमा सर्वसाधारणको पहुँच छैन भन्दा पनि फरक पर्दैन । सर्वसाधारणका लागि निकै झन्झटिलो प्रक्रिया बनाइएको छ । त्यसकारण लेखापढीको सहयोग लिन अनिवार्य छ ।

उनीहरू उक्त सिस्टमको पहुँचमा छन् । मालपोत सम्बन्धी काम सुरु गर्ने नै उक्त प्रणाली मार्फत हो । उक्त अनलाइन प्रणाली देशैभरिका मालपोत कार्यालयमा छ । त्यो सफ्टवेयरमै सर्वसाधारणले पनि काम गर्न सक्ने भनिए पनि मालपोत कार्यलयका कर्मचारीहरू नै त्यो प्रणाली ग्राहक आफैंले प्रयोग गरेर काम गर्न सक्ने अवस्था नभएको बताउँछन । लेखापढी अनुमति मालपोत कार्यालयले नै दिन्छ । त्यसपछि मात्र मालपोत प्रवेश गरेको खण्डमा आफ्नो काम हुन सक्छ ।

जेनजी आन्दोलनपछि गठन भएको चुनावी सरकारका भूमि व्यवस्था, सकारी तथा गरिबी निवारणमन्त्री कुमार इङनामले सार्वजनिक रूपमै कर्मचारीलाई घुस्याहा भनेका थिए भने मालपोतमा विनाघुस काम नै नहुने समस्या रहेको बताएका थिए ।

'वडा कार्यालयमा तमसुक गराएको रहेछ भने त्यसलाई आधार मानेर जग्गा पास हुन्छ, कर्मचारीले सर्वसाधारणको काम मात्रै गरिदिए पनि राज्यमा धेरै परिवर्तन आउँछ,' मन्त्री इङनामले सार्वजनिक रूपमा भनेका थिए, 'अचेल मालपोत अधिकृत र कर्मचारीहरूले कहाँ सोझै पैसा माग्छन् र ? राजस्व तिरेर पनि भूसेवा केन्द्रमा ५ हजार रुपैयाँ आफैंले विगतमा तिरेको छु ।'

जेनजी आन्दोलनमा भएको आगजनीले गर्दा काम हुन नसके पनि चाबहिल मालपोतमा कर्मचारीहरूले लेखापढी व्यवसायीबाट मासिक २४ लाख रुपैयाँ उठाएको भेटिएपछि मन्त्रीले 'एक्सन' लिएका थिए । मन्त्री इङनामको आशय सरकारी काम भ्रष्टाचारको जालोमा रहेको उनको कार्यकालमा व्यक्त भनाइबाट स्पष्ट हुन्छ । राज्य संरचनामा कसरी काम हुन्छ भन्ने बुझेपछि उनले आफूले केही गर्न नसकेको भन्दै आफूलाई असफल मन्त्रीका रूपमा स्वघोषणा गर्दै बिदा भएका थिए ।

घरजग्गा खरिद बिक्रीमा सेवाग्राहीले आफैं प्रक्रिया अघि बढाउन सहज नभएको काठमाडौं मनमैजु मालपोत कार्यालयका एक कर्मचारीले बताए । 'सेवाग्राहीले लेखापढीलाई प्रयोग नगरी काम अघि बढाउन व्यवस्था भए पनि सेवाग्राहीले सक्दैनन्, त्यसैले लेखापढी अनिवार्य जस्तो छ,' उनले भने ।

डिल्लीबजार मालपोत कार्यालयमा पनि सेवाग्राही आफैंले काम गर्न नसक्ने भएपछि सबैले लखोपढीको मद्दत लिएको अवस्था छ । लेखापढीको अनुमति सम्बन्धित मालपोत कार्यालयले दिने र त्यसका लागि भूसेवा केन्द्र निर्देशिका २०७५ छ । सोही निर्देशिका अनुसार अनुमतिपत्र भूमि व्यवस्था तथा अभिलेख विभागले जारी गर्छ ।

त्यसका लागि व्यक्ति वा संस्थाले भूसेवा केन्द्र सञ्चालन गर्न सक्ने व्यवस्था छ । व्यक्तिका हकमा अनुमतिपत्रका लागि ३ हजार र संस्थाका हकमा ५ हजार रुपैयाँ लाग्छ । त्यसैगरी यो सेवाका लागि व्यक्तिले सेवा सञ्चालन गर्दा ५० हजार र संस्थाले २ लाख धरौटी राख्नुपर्छ । यस्तो अनुमतिपत्र वार्षिक नवीकरण गर्नुपर्छ, नवीकरण गर्दा पनि सेवा सञ्चालक व्यक्ति भए ३ हजार र संस्था भए ५ हजार रुपैयाँ भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।

यो भनेको भूसूचना प्रणालीको पहुँच शुल्क पनि हो । निर्देशिकाको यो व्यवस्था राज्यले नै घरजग्गा कारोबारमा शुल्क लिएर बिचौलिया प्रवेश गराएको स्पष्ट छ । पहिले लेखापढी भनिने यो पेसालाई अहिले भूसेवा केन्द्रको नाम दिइएको छ ।

मालपोत कार्यालयहरू आंशिक डिजिटल प्रणालीमा छन् । तर, त्यसका लागि सेवाग्राही र सेवा प्रादयकको प्रत्यक्ष सम्पर्क लेखापढी अर्थात् यिनै भूसेवा केन्द्रमार्फत हुने गर्छ । जग्गा लेनदेन गर्दा सरकारको काम भनेको साक्षी बस्ने मात्रै रहेको पूर्वसचिव गोपीनाथ मैनाली बताउँछन् । 'जग्गा खरिद बिक्रीको सन्दर्भमा मालपोतले त्यसको साक्षीको रूपमा प्रमाणित गर्ने तर मालपोतले प्रमाणित गरिसकेपछि नापीले जग्गा कित्ताकाट गरिदिने हो,' मैनालीले भने, 'मालपोतमा नापी पनि सँगै भएकाले अलि बढी बेथिति छ, त्यसले गर्दा पनि लेखनदास नराखिकन खरिद-बिक्री गराउन नेपाल सरकारले २०७५ सालदेखि अनलाइन सिस्टम सुरु गरेको थियो, लेखनदाससँग जानु नपर्ने पनि गरेको हो ।'

पब्लिक एक्सेस मोडुलले सिधै यो भूमि, यो वडा कार्यालय मार्फत छ भन्ने जानकारी गराउँछ । थैली बनाउने समयमा कित्ताकाट गर्न नापीमा पुग्ने हो । अनलाइन प्रणाली सुरु गर्ने तत्कालीन मन्त्रिपरिषद् निर्णय विपरीत लेखनदासहरू सर्वोच्च अदालत गएर अन्तरिम आदेश ल्याएको मैनालीले बताए ।

'अन्तरिम आदेश लिए पनि अन्तत: नेपाल सरकारले मुद्दा जित्यो,' उनले भने, 'तर, मालपोत प्रशासनले त्यसलाई अहिले पनि स्वीकार गरेन, पूर्वमन्त्री कुमार इङनामले भनेका विषयहरू म आफैंले भोगेको थिएँ ।' जग्गा बढी कारोबार हुने ठाउँमा कर्मचारी र बिचौलियाको ठूलो नेक्सस भएको विषयमा धेरै सत्यता रहेको उनको भनाइ छ । त्यो नेक्सस फाल्न विगतका प्रधामन्त्रीहरूले पनि नसकेको मैनालीको अनुभव छ ।

प्रधानमन्त्रीले नै कार्यान्वयन गर्न नखोजेको देखिएपछि कर्मचारीले नसकेर अहिलेको अवस्था आएको उनको भनाइ छ । 'त्यो प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि मालपोत क्षेत्रकै कर्मचारी परिवर्तन गर्नुपर्ने थियो, त्यसका लागि २ सय नयाँ शाखा अधिकृत, ५० उपसचिव र २ सहसचिव पनि माग गरेको थिएँ,' उनले भने, 'प्रधामन्त्रीले नचाहेको कुरा, मेरो पहलमा त्यो पनि त्यतिका नयाँ मान्छेको माग सहित सम्बोधन हुने कुरै भएन ।'


मालपोत प्रशासन, जग्गा प्रशासन, गुठी लगायत केही संस्थामा थोरै राम्रा कर्मचारी रहेको मैनालीले बताए । 'अहिले त अझै हालसाविक गर्नपर्‍यो भनेर दु:ख दिन्छन्,' मैनालीले भने, 'हालसाविक पनि गर्ने हो त, जग्गा त त्यही छ नि, हालसाविकको नाममा नापीका कर्मचारीहरूले पनि सेवाग्राहीलाइ दु:ख दिन थाले,' मैनालीले भने, 'त्यसको सुरुवात मन्त्रिपरिषद् गठएको दिनबाट काम गर्नुपर्छ, यदि केही दिन ढिला भयो भने मालपोतभित्रको जालोले क्याप्चर गरिदिन्छ ।'

२००८ सालदेखि सुरु गरेको अहिलेसम्म नसकिएको उनको भनाइ छ । हालसाविक नापीले अटोमेटिक रूपमा गर्नुपर्ने समेत उनले सुझाए । मालपोत क्षेत्रमा सहजकर्ताको नाउँमा बिचौलिया घुसाइदियो भने राज्य र सेवाग्राही दुवै ठगिने मैनाली बताउँछन । त्यसैले राज्यलाई आउनुपर्ने राजस्व ल्याउन र सेवाग्राहीलाइ सहज र सुलभ सेवाका लागि पनि मालपोत कार्यालयमा सहजकर्ता आवश्यक हुन नहुनेमा उनले जोड दिए ।

*(स्रोत: अनलाइनखबर)*

# ओली-लेखक हिरासतका १३ दिन: के-के भयो अनुसन्धान, के बाँकी छ ?

काठमाडौं/ पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओली र पूर्वगृहमन्त्री एवं कांग्रेस नेता रमेश लेखक १३ दिनपछि आज बिहीबार हिरासत मुक्त भएका छन् । महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालमा उपचार गराइरहेका ओलीलाई अस्पतालमै प्रहरीले परिवारको जिम्मा लगायो । यता, प्रहरीको २ नम्बर गण महाराजगञ्जमा राखिएका लेखकलाई पनि आफन्तको जिम्मा लगाएर छोडियो ।



उनीहरूलाई हाजिरी जमानीमा छाडिएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसएसपी र मेश थापाले बताए । 'बोलाएको बेला उपस्थित हुने सर्तमा आफन्तको जिम्मा लगाएर हाजिरी जमानीमा छाडेका हौं,' एसएसपी थापाले संचार कर्मीसँग भने । ओली, लेखक छुटेसँगै अब उनीहरूको मुद्दाको प्रक्रिया के हुने ? प्रमाण नै नपुगेका कारण छुटेका हुन् ? जस्ता प्रश्न उब्जिएका छन् । तर यसबारे परिसरका एसपी पवनकुमार भट्टराई अनुसन्धान निरन्तर भइरहने बताउँछन् ।

एसपी भट्टराईले भने जस्तो प्रमाण नै अपुग भएर मुद्दा दर्ता नहुने अवस्थामा उनीहरू छुटेका भने होइनन् । २३ चैतमा सर्वोच्च अदालतका न्यायाधीशद्वय विनोद शर्मा र सुनिलकुमार पोखरेलको इजलासले दिएको आदेशका कारण ओली-लेखक छुटेका हुन् ।

ओली-लेखकको तर्फबाट दायर भएको बन्दी प्रत्यक्षीकरणको रिटमा सुनुवाइ गर्दै न्यायाधीशद्वय शर्मा र पोखरेलको इजलासले भनेको थियो- २६ गते भित्र अनुसन्धान गरिसक्नू । यदि २६ गते भित्र अनुसन्धान टुंगिन नसकेको अवस्थामा हिरासतमुक्त गर्नू भन्ने आदेश सर्वोच्चले दिएको थियो ।

सर्वोच्चले भनेको थियो, 'ओली र लेखकलाई फौजदारी कार्यविधि संहिताको प्रक्रिया पूरा गरी हिरासतमुक्त गरी थप अनुसन्धान तहकिकातको कार्य सम्पन्न गरी जे-जो गर्नू/गराउनू ।' सर्वोच्चको आदेशले पनि उनीहरूमाथि अनुसन्धान गर्न कुनै रोक लगाएको छैन । बरु छिटो अनुसन्धान सक्नू यदि नसक्ने अवस्था भएमा बाहिरै राखेर अनुसन्धान गर्नू भनेको थियो ।

अदालतको यो आदेश अनुसार २६ गते भित्रै अनुसन्धान सकेर सरकारी वकिल कार्यालयमा मुद्दा बुझाउन प्रहरीले सकेन । 'मुद्दाका लागि आवश्यक धेरै कामहरू बाँकी नै थिए । हामी ती सबै तथ्य प्रमाण जुटाउने प्रक्रियामा थियौं । यो सबै काम २६ गते भित्रै सम्भव हुने अवस्था थिएन,' परिसरका एक अधिकृतले भने ।

२६ गते भित्र अनुसन्धान प्रतिवेदन बुझाउन सम्भव नभएपछि ओली-लेखकको रिहाइ प्रक्रिया अघि बढाइएको थियो । आज बिहीबार मात्रै जिम्मा जमानीमा छाड्ने निर्णयसहितको पत्र सरकारी वकिल कार्यालयले परिसर काठमाडौंलाई दिएपछि प्रहरीले उनीहरूलाई हिरासतमुक्त गरेको हो ।

अब भने यो मुद्दा बुझाउन प्रहरीलाई चटारो हुने छैन । पक्राउ परेका दुवै प्रतिवादी हिरासत मुक्त भएकाले २५ दिन भित्र मुद्दा बुझाउनुपर्ने बाध्यताबाट प्रहरीले सहुलियत पाएको छ । ज्यान मुद्दा भएको र प्रतिवादी दुवै जना हिरासत मुक्त भएकाले मुद्दा बुझाउने हदम्याद हुँदैन । जसका कारण अब ओली-लेखकविरुद्ध तत्कालै मुद्दा दर्ता गरि हाल्नुपर्ने कानुनी बाध्यता पनि छैन ।

**के-के भयो अनुसन्धान ?**

१४ चैत बिहान झिसमिसेमै ओली-लेखक भक्तपुरस्थित निवासबाट पक्राउ परेका थिए । तर यसको मुद्दा प्रक्रियाको सबै कामको जिम्मा तथा क्षेत्राधिकार जिल्ला प्रहरी परिसर काठमाडौंमा थियो । त्यसपछि उनीहरूलाई परिसर काठमाडौं ल्याइएको थियो । ओली स्वास्थ्यमा समस्या भएपछि अस्पताल भर्ना भए । लेखकलाई महाराजगञ्जको २ नम्बर गणमा राखियो ।

१३ दिनको हिरासत बसाइमा उनीहरूमाथि ज्यानसम्बन्धी कसुरमा प्रहरीले के-के अनुसन्धान गर्‍यो भन्ने विषय चासोका साथ हेरिएको छ । ओली-लेखकबारे अनुसन्धान गरेको परिसरका अनुसार सुरुमा आयोगले कारबाही सिफारिस गरेको प्रतिवेदनबारे अध्ययन गरिएको थियो । प्रतिवेदन अध्ययन पछि उनीहरूलाई लागेको आरोपबारे तथ्य जुटाउन लागेको प्रहरी अधिकारीहरू बताउँछन् ।

प्रतिवेदन अध्ययनपछि प्रहरीले सरकारी वकिल समेतको उपस्थितिमा ओली-लेखकको बयान लिएको थियो । हुलदंगा नियन्त्रणको विषय प्रधानमन्त्रीको कार्यक्षेत्र होइन भन्दै बयान दिएका थिए । मृतकको पक्षबाट आएको जाहेरी र त्यसबारे पीडित परिवारसँग घटनाबारे सोधपुछको काम पनि भएको छ ।

घाइतेले गराएको घटना विवरणको कागजलाई पनि प्रमाणमा समेटिने छ । घटना सम्बद्ध घटनास्थलको प्रकृति मुचुल्का, लास जाँच मुचुल्का, पोस्टमार्टम रिपोर्ट तथा मुचुल्का लगायतको भइसकेको छ । विगतमा संकलन गरेका मुचुल्का तथा प्रमाणले पनि अनुसन्धानमा सहयोग पुर्‍याउने बताइएको छ ।

उनीहरू हिरासतमुक्त भए पनि अनुसन्धान भने निरन्तर चलिरहने परिसरका एसपी तथा प्रवक्ता पवनकुमार भट्टराईको भनाइ छ । 'अनुसन्धान सहयोग गर्ने, बोलाएको बेला उपस्थित हुने सर्तमै उहाँहरू रिहा हुनुभएको हो । अनुसन्धानको काम भने रोकिँदैन,' एसपी भट्टराई भन्छन् ।

**के छन् बाँकी ?**

अहिले अनुसन्धानको काम बाँकी नै रहेको भन्दै प्रहरीले सरकारी वकिल कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझाएको छैन । अझै घटनासँग सम्बन्धित व्यक्तिलाई साक्षीको रूपमा बुझ्ने, कागज गराउने, उपचारमा संलग्न चिकित्सकहरूको घटना विवरण कागज लगायतका कामहरू बाँकी नै छन् ।

गोली चल्नुपर्ने अवस्था कसरी आइपुग्यो, त्यहाँ कसको के भूमिका थियो, कसबाट कस्तो आदेश आएको थियो जस्ता विषयहरू अझै अनुसन्धान गर्न बाँकी नै रहेको प्रहरीको भनाइ छ ।

**के हो मुद्दा ?**

गत २३ र २४ भदौमा जेनजी आन्दोलन हुँदा ओली प्रधानमन्त्री र लेखक गृहमन्त्री थिए । २३ भदौमा मात्रै सुरक्षाकर्मीको गोली लागेर काठमाडौंमा १९ जना र बाहिरी जिल्लामा २ जना गरी २१ जनाको ज्यान गएको थियो । २४ भदौसमेत गरी ७६ जनाको ज्यान गयो । यो घटनाको छानबिन गर्न पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा आयोग गठन गरिएको थियो ।

कार्की आयोगले बुझाएको प्रतिवेदनमा ओली-लेखकलाई दोषी देखाउँदै कारबाहीका लागि सिफारिस गरिएको थियो । ओली तथा लेखकलाई मुलुकी फौजदारी संहिताको दफा १८१ र १८२ बमोजिम कारबाही सिफारिस गरिएको थियो । मुलुकी फौजदारी संहिताको दफा १८१ मा 'कसैले लापरबाहीपूर्ण काम गरेर कसैको ज्यान मार्न नहुने' कसुर छ ।

२३ भदौको जेनजी आन्दोलनमा बल प्रयोग भएको र त्यसलाई रोक्न प्रयास नभएको, हेलचेक्र्याइँ गरेको जस्ता आरोप उनीहरूमाथि थियो । कार्की आयोगको यो सिफारिस कार्यान्वयन गर्ने निर्णय बालेन शाह नेतृत्वको मन्त्रिपरिषद्ले गरेको थियो । त्यसपछि उनीहरू पक्राउ परेका थिए ।

यो पक्राउबारे सुरक्षा निकायले भने तत्कालै हतारिन नहुने सुझाएका थिए । तर गृहमन्त्री सुधन गुरुङको निरन्तर दबाबपछि प्रहरीले लिखित आदेश मागेको थियो । लिखित आदेशपछि उनीहरू पक्राउ परेका थिए । प्रहरीले भने पक्राउ नै नगरी बाहिरै राखेर अनुसन्धान गर्न सकिने अवस्था रहेको, भाग्ने अवस्था पनि नभएका कारण पक्राउमा हतारिन नहुने सुझाएका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# सहिदस्मृति अस्पतालमा वर्थिङ सेवाका लागि सामग्री हस्तान्तरण



साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/ मकवानपुरको बागमती गाउँपालिका अन्तर्गत रहेको स्मृति आधारभूत अस्पतालमा सुरक्षित मातृत्व सेवा (बर्थिङ सेवा) सञ्चालनका लागि आवश्यक स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको छ ।

अस्पताल परिसरमा एक कार्यक्रमबीच सामग्री हस्तान्तरण गरिएको हो । अस्पताललाई ७२ प्रकारका स्वास्थ्य सामग्री प्राप्त भएको पालिकाका जनस्वास्थ्य अधिकृत योगेश घलानले जानकारी दिएका छन् । उनकाअनुसार भिडियो एक्सरे मेसिन १ थान, डेलिभरी बेड १ थान, अस्पताल बेड २ थान, फ्रीज १ थान, केएमसी सेट, एमभीए सेटलगायतका सामग्री प्राप्त भएको छ ।

बागमती गाउँपालिका प्रमुख प्रशासकीयअधिकृत ओमबहादुर दर्जीको अध्यक्षता तथा स्वास्थ्य निर्देशनालयका निर्देशक डा. नरेन्द्रकुमार झाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

कार्यक्रममा वनहर्ट वल्डवाइड नेपालका एमनएच स्पेसलिष्ट मालती श्रेष्ठले सामग्री हस्तान्तरण गरेका हुन् ।

सामग्री हस्तान्तरण कार्यक्रममा बागमती गाउँपालिका प्रवक्ता तथा सामाजिक विकास समितिका संयोजक कमानसिं पाख्रिन, लेखाप्रमुख झम्कनारायण घलान लगायत स्वास्थ्यकर्मी तथा कर्मचारीको उपस्थिति रहेको थियो । १५ शैयाको सहिदस्मृति अस्पताल सञ्चालनको तयारीमा छ ।

# पेट्रोलियम पदार्थको मूल्यमा भारी वृद्धि, ग्याँसको मूल्य पनि बढ्यो

काठमाडौं/नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको छ । अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्दा निगमलाई ठूलो घाटा भइरहेकाले नयाँ मूल्य समायोजन गरिएको जनाइएको छ ।




नयाँ मूल्यअनुसार पेट्रोलमा प्रति लिटर १७ रुपैयाँ र डिजेल/मट्टितेलमा २५ रुपैयाँ वृद्धि गरिएको छ । अब पेट्रोलको मूल्य विभिन्न क्षेत्रमा २१६.५० देखि २१९ रुपैयाँसम्म पुगेको छ भने डिजेल/मट्टितेल २०४.५० देखि २०७ रुपैयाँसम्म कायम गरिएको छ ।

'भन्सार महसुल र पूर्वाधार विकास कर समायोजन पश्चात् निगमलाई पाक्षिक रु.१० अर्ब २१ करोड ९१ लाख अझै घाटा हुने अवस्था छ । हालको अवस्थामा निगमलाई पेट्रोलमा प्रति लिटर रु.१६।६५, डिजेलमा प्रति लिटर रु.१०९।५० तथा एल.पि. ग्यासमा प्रति सिलिण्डर रु.४१६।३७ घाटा रहेको छ । निगमलाई पाक्षिक रुपमा कुल जम्मा रु.१० अर्ब २१ करोड ९१ लाख घाटा हुने देखिन्छ' आयल निगमले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

'निगमलाई उपरोक्त अनुसारको घाटा निरन्तर भईरहेमा इण्डियन आयल कर्पोरेशनलाई दिने भुक्तानीमा समेत असर पर्न जाने र आपूर्ति व्यवस्थापनमा असहजता सिर्जना हुने भएकाले हाललाई लागत मूल्य अनुसार वृद्धि नगरी पेट्रोलमा प्रति लिटर रु.१७।०० डिजेल/मट्टितेलमा प्रति लिटर रु.२५।०० तथा एल.पि. ग्यासमा प्रति सिलिण्डर रु.१०० र हवाई इन्धन आन्तरिक तर्फ रु.६ ।०० ले वृद्धि गरिएको छ' निगमले भनेको छ ।

अब १४.२ केजी ग्यासको मूल्य २०१० रुपैयाँ पुगेको छ । हवाई इन्धन (आन्तरिक) पनि प्रति लिटर ६ रुपैयाँले बढाइएको छ । मूल्य वृद्धि गरे पनि निगमलाई अझै पाक्षिक रूपमा करिब ७ अर्ब ८१ करोड रुपैयाँ घाटा हुने जनाएको छ । निगमले निरन्तर घाटा बढेमा इन्धन आपूर्ति प्रभावित हुन सक्ने भन्दै उपभोक्तालाई मितव्ययी रूपमा पेट्रोलियम पदार्थ प्रयोग गर्न आग्रह गरेको छ ।

# 'राम नाम सत्य'लाई शोको बाढी, कस्तो गर्ला व्यापार ?

काठमाडौं/गत माघ १६ गते प्रदर्शन भएको 'आ बाट आमा'पछि नेपाली फिल्मले घरेलु बक्स अफिसमा निकै निराशाजनक व्यापार गरिरहेका छन् । यो बीचमा प्रदर्शन भएका कुनै फिल्मले एक करोडको आँकडा पनि पार गर्न सकेनन् । बरु भारतीय फिल्म 'धुरन्धुर २'ले नेपालमा आक्रामक कमाइ गर्‍यो । तर, नेपाली फिल्महरू भने दर्शक नपाएरै हलमा छटपटिए ।

एकपछि अर्को फिल्मको निराशाजनक प्रदर्शनपछि फिल्म कर्मीहरूमा अन्योल र चिन्ताको अवस्था सिर्जना भइरहँदा अब सबैको आशा 'राम नाम सत्य'प्रति छ । चैत २७ गतेबाट प्रदर्शन हुन लागेको यो फिल्ममा कलाकारको 'लाइनअप' बलियो भएकाले बक्स अफिसमा ठूलो धमाकाको अपेक्षा गरिएको छ । यसैले हलहरूले पनि फिल्मलाई पर्याप्त शो उपलब्ध गराएका छन् ।

बिहीबार मध्यान्ह १२ बजेसम्म फिल्मले देशव्यापी १४८ वटा शो पाएको खल्ती एपमा देखिन्छ । देशको सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले मात्र फिल्मलाई शुक्रबारका लागि काठमाडौंमा २७ र मोफसलमा ३७ गरी देशव्यापी ६४ शो दिएको छ । अझै केही हलमा बुकिङ खुल्न बाँकी रहेकाले फिल्मको शो २ सय हाराहारी पुग्ने देखिन्छ ।

यो फिल्मको 'धागोले बाटेको' गीत यतिबेला चर्चामा छ । टिकटकमा त यो गीत भाइरल नै बनेको छ । फिल्मको एक्सनप्रधान ट्रेलरलाई पनि दर्शकले रुचाएका छन् ।

यी संकेतहरू हेर्दा फिल्मले ठूलो दर्शक वर्गलाई हलसम्म आकर्षित गर्न सक्ने देखिन्छ । त्यसमाथि एकल प्रदर्शनको अवसर र नयाँ वर्ष संघारमा रहेकाले फिल्मका लागि व्यापारिक रूपमा अनुकूल अवस्था देखिएको छ ।

माइकल चन्दको निर्देशनमा बनेको यस फिल्ममा विराज भट्ट, सुशील श्रेष्ठ, दिव्या रायमाझी, सुपुष्पा भट्ट, आयुषसिंह ठकुरी, सुनिल थापा, प्रशान्त ताम्राकार, खुशी कार्की, दिनेश डिसी, नेहा आरएल शाह लगायतको अभिनय रहेको छ । फिल्ममा उपेन्द्र शाही र स्वेता बिमलीको लगानी छ भने किशोर भट्ट, राजेन्द्र भट्ट र अर्जुन सुनार कार्यकारी निर्मातामा रहेका छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# सुरक्षित आप्रवासन सुदृढ गर्न प्रदेशस्तरीय समन्वय बैठक

साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/ बागमती प्रदेशमा सञ्चालनमा रहेको सुरक्षित आप्रवासन (सामी) कार्यक्रमको प्रभावकारी कार्यान्वयन, समन्वय सुदृढीकरण तथा आगामी रणनीति निर्धारणका लागि प्रदेश कार्यक्रम समन्वय समितिको बैठक सम्पन्न भएको छ ।

श्रम, रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेशको आयोजनामा श्रम, रोजगार तथा यातायात मन्त्री जयराम थापाको अध्यक्षतामा सम्पन्न बैठकले कार्यक्रमको प्रगतिसमीक्षा गर्दै विभिन्न रणनीतिक निर्णय गरेको छ । बैठकमा चालु आर्थिक वर्ष २०८२/८३ मा सञ्चालित गतिविधि तथा प्राप्त उपलब्धिको विस्तृत समीक्षा गरिएको हो । बैठकमा विगतका निर्णयको कार्यान्वयन अवस्थाको मूल्यांकन गर्दै सुधारका लागि आवश्यक निर्देशन दिइएको मन्त्रालयले जनाएको छ । कार्यक्रम समन्वय तथा कार्यान्वयन एकाइबाट भएका निर्णयलाई औपचारिकरुपमा



अनुमोदन गरिएको छ ।

कार्यक्रमको दिगोपना सुनिश्चित गर्न स्थानीय तहमा प्रदान गरिँदै आएको प्राविधिक सहयोगलाई क्रमश: न्यूनीकरण गर्दै लैजाने रणनीति बैठकले तय गरेको छ । प्रदेश सुशासन केन्द्रसँग सहकार्य गरी क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने निर्णय गरिएको छ । बैठकमा मन्त्री थापाले सुरक्षित आप्रवासन कार्यक्रमलाई थप प्रभावकारी, परिणाममुखी र दिगो बनाउनु अहिलेको आवश्यकता रहेको बताए । उनले वैदेशिक रोजगारीमा जाने श्रमिकको अधिकार, सुरक्षा र सम्मान सुनिश्चित गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको उल्लेख गरे ।

'सुरक्षित आप्रवासन कार्यक्रमले श्रमिकलाई सही सूचना, सीप र मनोसामाजिक सहयोग उपलब्ध गराउँदै आएको छ । यसलाई अझ सुदृढ बनाउँदै स्थानीय तहसम्म संस्थागतरुपमा स्थापित गर्न आवश्यक छ,' मन्त्री थापाले भने ।

उनले कार्यक्रम कार्यान्वयनमा सबै तहका सरकारबीच समन्वय अपरिहार्य रहेको उल्लेख गर्दै आगामी दिनमा सहकार्यलाई अझ मजबुत बनाइने बताए । बैठकमा स्वास्थ्य निर्देशनालय र स्वास्थ्य तालिम केन्द्रले मनोसामाजिक सेवाप्रवाह सम्बन्धी प्रगति विवरण प्रस्तुत गरेका थिए ।

प्रस्तुतीकरणपछि सहभागी बीच विस्तृत छलफल भएको थियो । बैठकले सुरक्षित आप्रवासन कार्यक्रमलाई संस्थागतरुपमा मजबुत बनाउन आवश्यक कार्यविधि तर्जुमा गर्ने तथा आगामी आर्थिक वर्षका लागि बजेट विनियोजन सम्बन्धमा सिफारिस गर्ने निर्णय गरेको छ । बैठकमा स्वास्थ्य मन्त्री किरण थापा, श्रम, रोजगार तथा यातायात मन्त्रालयका सचिव, स्वीस विकास सहयोगका प्रतिनिधि, प्रदेशका विभिन्न मन्त्रालयका प्रतिनिधि, स्थानीय तहका प्रमुख, जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रतिनिधिलगायत सरोकारवाला निकायको सहभागिता थियो ।

# उद्योग संघमा मास्के चयन




साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/उद्योग संघ मकवानपुरमा श्रीहरि मास्केको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरिएको छ ।

संघको बिहिबार सम्पन्न २४ औं साधारणसभा एवम् १८ औं अधिवेशनले मास्केको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । समितिको वरिष्ठ उपाध्यक्षमा किशोर अर्याल, उपाध्यक्षमा सुयश पराजुली, महासचिवमा शिरोमणि प्याकुरेल, सचिवमा बुद्धराज अर्याल, कोषाध्यक्षमा दिवश चौलागाईं तथा सहकोषाध्यक्षमा शरदचन्द्र भट्टराई चयन भएका छन् । त्यसअघि नेपाल उद्योग परिसंघका केन्द्रीय अध्यक्ष वीरेन्द्रराज पाण्डेको प्रमुख आतिथ्यता एवम् संघ मकवानपुरका निवर्तमान अध्यक्ष बद्रीनाथ शर्माको सभाध्यक्षतामा उद्घाटन सत्र सम्पन्न भएको हो ।

कार्यक्रममा प्रमुखअतिथि अध्यक्ष पाण्डेले उत्पादनमूलक उद्योग र व्यापारिक व्यवसायलाई फरक दृष्टिकोणले हेर्न आवश्यक रहेको बताएका छन् । उद्योगले मुलुकको आर्थिक विकासमा महत्वपूर्ण योगदान गर्ने भएकाले आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनतर्फ राज्यले विशेष ध्यान दिनुपर्ने उनको भनाइ थियो । कच्चापदार्थ र तयारी वस्तुको कर तथा भन्सार दरमा फरक व्यवस्था हुनुपर्ने उल्लेख गर्दै औद्योगिक वातावरण निर्माणमा सरकार गम्भीर बन्नुपर्नेमा अध्यक्ष पाण्डेको जोड थियो ।

उनले आत्मनिर्भर अर्थतन्त्रका लागि आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनका लागि नीतिगत तथा कानुनी सुधार आवश्यक रहेको बताए । असान्दर्भिक २८ वटा ऐन संशोधन तथा ५ ऐन खारेज गर्नुपर्ने उनले बताए । स्वदेशी उत्पादनको अधिकतम प्रयोगले अर्थतन्त्र बलियो बन्ने भएकाले सार्वजनिक खरिद ऐनलाई समयसापेक्ष बनाउन सरकारसँग पनि उनले आग्रह गरे । मयूरधाप र शक्तिखोर औद्योगिक क्षेत्र यथाशीघ्र सञ्चालनमा ल्याउन अध्यक्ष पाण्डेले ध्यानाकर्षण गराएका छन् ।

संघ मकवानपुर निवर्तमान अध्यक्ष शर्माले भूकम्प, नाकाबन्दी र कोभिड-१९ जस्ता संकटबीच पनि उद्योग सञ्चालन गर्दै आएका उद्योगीहरु हाल अन्तर्राष्ट्रिय परिस्थितिका कारण थप प्रभावित बनेको बताए । रुस-युक्रेन युद्धपछि कच्चापदार्थको अभाव र मूल्यवृद्धि बढेको तथा इरान-अमेरिका तनावका कारण उद्योगहरु थप संकटमा पर्नसक्ने उनको भनाइ थियो । उद्योग प्रवर्द्धनका लागि स्वदेशमै कच्चा पदार्थको सुनिश्चितता, आयातमा सहुलियत र तीनै तहका सरकारको समन्वय आवश्यक रहेको उनले उल्लेख गरे ।

व्यापार घाटा न्यूनीकरणका लागि १० बुँदे सुझाव प्रस्तुत गर्दै औद्योगिक क्षेत्रको जग्गा ९९ वर्षका लागि न्यून भाडादरमा उपलब्ध गराउने, परियोजनाका आधारमा ऋणप्रवाह गर्ने, मयूरधाप औद्योगिक क्षेत्र सञ्चालनमा ल्याउने वा विकल्प खोज्ने तथा विद्युत् क्षमता ११ केभीएबाट ३३ केभीएमा स्तरोन्नति गर्नुपर्ने माग राखिएको छ । कार्यक्रममा प्रत्येक दुई वर्षमा प्रदान गरिँदै आएको पत्रकारिता पुरस्कार यसवर्ष टेलिभिजन क्षेत्रमा सक्रिय पत्रकार भावना रिजाललाई नगद १५ हजार रुपैयाँ सहित प्रदान गरिएको थियो ।

कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, हेटौंडा उपमहानगर प्रमुख मीनाकुमारी लामा, उद्योगीका तर्फबाट जीवनकुमार लामा तथा पूर्वअध्यक्षका तर्फबाट नवराज अर्याललगायतले मन्तव्य व्यक्त गरेका थिए । संघमा हाल मकवानपुर जिल्लाका १ सय ५० उद्योग आवद्ध रहेका छन् ।

# पेट्रोलियमपदार्थ प्रयोगमा मितव्ययिता अपनाउन प्रशासनको आग्रह




साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/जिल्ला प्रशासन कार्यालय मकवानपुरले पेट्रोलियमपदार्थको प्रयोगमा अधिकतम मितव्ययिता अपनाउन आग्रह गरेको छ ।

बिहीबार जारी गरिएको सूचनामा प्रशासनले अत्यावश्यक सरकारी कार्यबाहेकको अन्य प्रयोजनका लागि सरकारी सवारीसाधन प्रयोग नगर्न निर्देशन दिएको हो । सूचनामा सार्वजनिक बिदाका दिन सवारीसाधन नचलाउन तथा सार्वजनिक बिदा वा जिल्ला बाहिर सरकारी कामका लागि सवारीसाधन प्रयोग गर्नुपर्ने अवस्था आएमा अनिवार्यरुपमा पास लिएर मात्र सञ्चालन गर्न भनिएको छ । पेट्रोलियमपदार्थको आपूर्तिमा आएको कमीलाई मध्यनजर गर्दै खपत घटाउने उद्देश्यले नेपाल सरकार मन्त्रिपरिषद् बैठकले चैत २३ गतेदेखि लागू हुनेगरी सातामा थप एकदिन सार्वजनिक बिदा दिने निर्णय गरेको थियो ।

प्रशासनले वर्तमान परिस्थितिमा पेट्रोलियमपदार्थको खपत न्यून गर्न जिल्लास्थित सबै सरकारी कार्यालय तथा सार्वजनिक संस्थानलाई निर्णय कार्यान्वयन गर्न अनुरोध गरेको छ । सरकारी निकायबाट मात्र नभई सर्वसाधारणले पनि पेट्रोलियमपदार्थ प्रयोगलाई सकेसम्म घटाउनु जरुरी छ । अति आवश्यक बाहेक सवारीसाधन नचलाउन सर्वसाधारणलाई पनि आग्रह गरिएको छ ।

# दुईदिने बिदाले शैक्षिक क्यालेण्डरमा असर पार्नेमा एन प्याब्सनको चिन्ता

साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (नेसनल प्याब्सन)ले सरकारको दुई दिने सार्वजनिक बिदासम्बन्धी निर्णयले विद्यालय तहको शैक्षिक क्यालेण्डरमा दीर्घकालीन असर पार्ने जनाएको छ ।

नेसनल प्याब्सनका अध्यक्ष गीता राणाक्षेत्री र महासचिव प्रतापबहादुर थापाले बिहिबार विज्ञप्ति जारी गर्दै थप बिदाका कारण निर्धारित पाठ्यक्रम तोकिएको समयमा सम्पन्न गर्न चुनौती उत्पन्न गरेको उल्लेख गरेका छन् । नेपाल सरकार, मन्त्रिपरिषद्ले गत चैत २२ गते गरेको निर्णयअनुसार पेट्रोलियमपदार्थको खपत घटाउन र वैदेशिक मुद्रा सञ्चिति जोगाउन हप्तामा शनिबार र आइतबार सार्वजनिक बिदा दिने तथा शैक्षिकसत्र वैशाख १५ गतेदेखि सुरु गर्ने निर्णय गरिएको थियो ।

दैनिक ज्यालादारीमा आश्रित अभिभावकका लागि दुईदिने बिदा व्यवस्थापन गर्न कठिन हुने र यसले सामाजिक तथा आर्थिक असर पार्ने संस्थाको दाबी छ । यी चुनौतीबीच सरकारको निर्णय कार्यान्वयन गर्दै नेशनल प्याब्सनले नयाँ भर्ना वैशाख २ गतेदेखि र पठनपाठन सञ्चालन गर्न आग्रह गरेको छ । एक शैक्षिकसत्रमा कम्तिमा २०० दिन पठनपाठन कायम हुनुपर्ने शिक्षा नियमावलीमा व्यवस्था छ ।

# विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पारित



साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/ बागमती प्रदेशसभा बैठकमा दुई विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पारित भएको छ ।


बिहीबार बसेको प्रदेशसभाको बैठकले प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पारित गरेको हो । प्रदेशसभाकी उपसभामुख अप्सरा चापागाईंले बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले टेबुल गरेको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्री कृष्णकुमार तामाङले टेबुल गरेको खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई विचार गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ पेस गरेकी थिइन् ।

प्रस्तावलाई प्रदेशसभाका उपस्थित सांसदहरुले सर्वसम्मतरुपमा पारित गरेका थिए । यससँगै यो विधेयकमाथि सांसदहरुले संशोधन प्रस्ताव राख्नेछन् । प्रदेशसभा सचिवालयले विधेयकमाथि संशोधन प्रस्ताव राख्न ७२ घण्टाको सूचना जारी गरेपछि सांसदहरुले संशोधन प्रस्ताव राख्नेछन् । तयसअघि बैठकमा यो विधेयकमाथि सामान्य छलफल भएको थियो । प्रदेशसभा सदस्यले यो विधेयकको सैद्धान्तिक पक्षमा छलफल गरेका थिए । आर्थिक कार्यविधिसम्बन्धी विधेयकका नेकपा सांसद रत्नप्रसाद ढकालले मात्र छलफलमा भाग लिएका थिए भने खानेपानी तथा सरसफाइसम्बन्धी विधेयकमा नेकपा सांसद ढकाल, कांग्रेस सांसद रामकृष्ण चित्रकार, पुकार महर्जनले छलफलमा भाग लिएका थिए ।

विधेयकहरुमा उठेका प्रश्नको मन्त्रीद्वयले जवाफ दिएका थिए । बैठकमा प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रदेश लोकसेवा आयोगको छैटौं वार्षिक प्रतिवेदन पेस गरेका थिए । बैठकको विशेष समयमा सांसदले समसामयिक विषयमा धारणा राखेका थिए । प्रदेशसभाको बैठक आगामी वैशाख ६ गते बस्ने गरी स्थगित गरिएको छ ।


# आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)

## मोटरसाइकल हरायो

मिति २०८२ साल चैत्र २३ गते हेटौंडा-१, स्थित बाईपास रोडमा पार्किङ्ग गरिराखेको अवस्थाबाट बेलुका अं. ७:०० बजे मेरो निम्न व्यहोराको मोटरसाइकल हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** बा प्र-०३-००५ प ३७३६
**मोटरसाइकल धनीको नाम:** बिमल माझी, हेटौंडा-१, मकवानपुर
**मोटसाइकलको ब्राण्ड (नाम):** पल्सर, 220 CC, २०२१ मोडल
**चेचिस नम्बर:** MD2A13EX4MCG93777
**इन्जिन नम्बर:** DKXCNG27592
**सम्पर्क फोन नम्बर:** ९८४५९०३४६८

शर्मिला राना ९८४१९९९४८७ | कल्पना न्यौपाने ९७६७७६४४४७ | उषा अधिकारी ९८४५१२५९०८

## स्वर्गद्वारी महिला पञ्चेबाजा समूह

हेटौंडा-१, मकवानपुर



हाम्रो सेवा: विवाह, ब्रतवन्ध, पार्टी, विभिन्न कार्यक्रम, सप्ताह एवम् अन्य शुभकार्यको लागि स्तरीय पञ्चेबाजाको लागि सम्पर्क राख्नुहोस् ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना